# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गँगदी, दाङ

५ नं. प्रदेश, नेपाल

पत्रसङ्ख्या: २०७७/०७८
चलानी नम्बर: ४६३

मिति : २०७७/०७/०३

## रासायनिक मलखादको कारोबारको लागि सूचिकृत हुने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/०३

नेपाल सरकारद्वारा मिति २०७७/०५/०१ मा जारी अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम नेपाल सरकारबाट लागत सहभागिताका आधारमा उपलब्ध हुने रासायनिक मलहरु यस गाउँपालिकाका कृषकहरुलाई तोकिएको मापदण्ड अनुसार बिक्री वितरण गर्ने कृषि सहकारी / फर्म / कम्पनी तथा यस गाउँपालिका भित्र कार्यक्षेत्र भएका अनुदानित मलको कारोबार गर्न इच्छुक कृषि सहकारी / फर्म / कम्पनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ,१५ दिन भित्र कार्यालय समयमा तपशिलमा उल्लेखित आवश्यक कागजातका प्रतिलिपि सहित यस कार्यालयमा आवेदन दिनुहुन सूचित गरिन्छ । तोकिएको म्याद समाप्त भएपछि आएका, तोकिएको रित पुरा नभएका आवेदन उपर कुनै कामकारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

पेश गर्नुपर्ने कागजातहरु

१. सहकारी संस्था / फर्म वा कम्पनी नविकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि
२. प्यान दर्ता तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
३. सम्बन्धित वडाको सिफारिस
४. विगत २ वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि
५. सहकारी संस्थाको विधान
६. भौतिक पूर्वाधारहरु नापतौल गर्ने मेसिन, गोदाम घर, सूचना प्रविधि आदिको विवरण
७. विगतमा कारोबार गरिरहेका सहकारी संस्थाको हकमा मलखादको कारोबारको विवरण अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण
८. सहकारी संस्थाको संचालक समितिको निर्णय
९. सूचिकृत हुन निवेदन

प्रमुख प्रशासकीय अधिकृत